## अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

कम्पनी अध्यादेश, २०६२ अन्तर्गत संस्थापित
......... (कम्पनीको पूरा नाम लेख्ने) प्राइभेट लिमिटेडको

## नियमावली

१. **कम्पनीको नाम** : यस कम्पनीको नाम...........................................हुनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय** : यस कम्पनीको रजिष्टर्ड कार्यालय..................... जिल्ला ....................नगरपालिका/गाउँ विकास समिति वडा नं. ........... ....................मा रहनेछ ।

३. **कम्पनीको उद्देश्य** : कम्पनीको उद्देश्य प्रवन्धपत्रको दफा ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **शेयर वापतको रकमको भुक्तानी** : (१) संस्थापक शेयरधनी आफूले लिन कवोल गरेको शेयर वापतको रकम एकैपटक वा पटक पटक गरी जम्मा गर्नु पर्नेछ ।

(२) संस्थापक शेयरधनीले उपनियम (१) बमोजिम आवश्यकतानुसार चुक्ता गरेको शेयर वापतको कोष खडा गरी राख्नु पर्नेछ ।

५. **शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था** : (१) कम्पनीको शेयरधनीले आफ्नो सम्पूर्ण शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरीद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको ढाँचामा तोकिएको दस्तुर, शेयर खरीद बिक्रीसँग सम्बन्धित लिखत र शेयरको प्रमाणपत्रसहित कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम निवेदन परेमा कम्पनीले आफ्नो दर्ता किताबमा साविक शेयरवालाको नाम खारेज गरी हालको शेयरवालाको नाम दर्ता गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको शेयर खरीद बिक्री भएकोमा सो को विवरण त्यसरी खरीद बिक्री भएको पैंतीस दिनभित्र कम्पनी रजिष्ट्रारको कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

६. **शेयर पूँजी थपघट गर्ने कुरा** : शेयर पूँजी थपघट गर्ने सम्बन्धमा कम्पनी अध्यादेश, २०६२ मा उल्लिखित प्रावधान अनुरुप हुनेछ ।

७. **साधारण सभा** : यो एकल शेयरधनी भएको कम्पनी भएकोले यसको साधारण सभा बस्नु पर्नेछैन । (साधारण सभा गर्ने भएमा सो को विवरण उल्लेख गर्ने)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **सञ्चालक समिति** : यो एकल शेयरधनी भएको कम्पनी भएकोले यसको सञ्चालक समिति रहने छैन र शेयरधनी आफैले सञ्चालक समितिले गर्नु पर्ने काम गर्नेछ ।

९. **कम्पनीको लेखा, हिसावकिताब र लेखापरीक्षण** : (१) यस कम्पनीको हिसावकिताब र लेखा कम्पनी अध्यादेश, २०६२ मा उल्लेख भए बमोजिमको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

(२) कम्पनीले राख्नु पर्ने हिसाव किताव प्रतिदिनको स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(३) कम्पनीले आफ्नो सम्पूर्ण आम्दानीको रकम कुनै बैङ्क वा वित्तीय संस्थामा खाता खोली सञ्चालन गर्नु पर्नेछ र आर्थिक कारोवार गर्दा बैङ्क तथा वित्तीय संस्थामार्फत गर्नु पर्नेछ ।

तर बीस हजार रुपैयाँसम्म नगद बुझिलिंदा वा भुक्तानी दिनु पर्दा कम्पनीको सानो कोषबाट लिन वा दिन सकिनेछ ।

(४) यस कम्पनीले आफ्नो हिसाव किताव लेखापरीक्षण गराउनेछ ।

(५) यस कम्पनीले प्रचलित कानून बमोजिम रजिष्टर्ड भएका तथा कम्पनी अध्यादेश, २०६२ को दफा ११२ बमोजिम अयोग्य नभएका लेखा परीक्षकहरु मध्येबाट लेखा परीक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालयमा पठाइनेछ ।

(६) उपनियम (५) बमोजिम नियुक्त लेखापरीक्षकले कम्पनी अध्यादेश, २०६२ मा व्यवस्था भएअनुरुप आफूले लेखा परीक्षण गरेको हिसावकिताव र लेखाबाट कम्पनीको वासलात, नाफा नोक्सानी हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्वोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ ।

१०. **कम्पनी गाभिने व्यवस्था:** (१) यस कम्पनीमा कुनै अर्को कम्पनी गाभिन सक्ने छैन ।

(२) यो कम्पनी कुनै अर्को कम्पनीमा गाभ्नु परेमा कार्यालयको स्वीकृति लिई गाभ्न सकिनेछ ।

११. **कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा :**

१२. **अन्य आवश्यक कुरा** : अन्य आवश्यक कुनै कुरा भए सो उल्लेख गर्ने ।

१३. **कम्पनीको खारेजी** : (१) यो कम्पनी स्वेच्छाले खारेज गर्न चाहेमा कम्पनी खारेजीको लागि शेयरधनीले कार्यालयमा निवेदन दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2660

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको लागि निवेदन पर्न आएमा कार्यालयले त्यस्तो कम्पनी खारेज गर्न स्वीकृति दिएमा कम्पनी खारेजीको प्रक्रिया प्रारम्भ हुनेछ ।

(३) उपनियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक जना लिक्विडेटर र एक वा एकभन्दा बढी लेखा परीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(४) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनी अध्यादेश, २०६२ मा व्यवस्था भएअनुरुप कम्पनी खारेजी सम्बन्धी काम कारबाही गर्नेछ ।

१४. **नियमावली बाझिएको हदसम्म निष्कृय हुने :** यस नियमावलीका दफाहरु कम्पनी अध्यादेश, २०६२ र प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म त्यस्ता दफाहरु निष्कृय हुनेछन् ।

१५. **नियमावलीमा संशोधन भएमा लागू हुने अवस्था :** यस नियमावलीमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी अध्यादेशको दफा ८३ बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव कार्यालयबाट अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

१६ **संस्थापकले तत्काल लिन कवुल गरेको शेयर संख्या :** म ……………………………… प्रा.लि. का संस्थापकले देहाय बमोजिमको संख्यामा शेयर लिन कवुल गरी देहायका साक्षीको रोहवरमा यस प्रवन्धपत्रमा सहीछाप गरेको छु :-

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबुको नाम | बाजेको नाम | लिन कवुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र (सहीछाप |
|---|---|---|---|---|
| द.<br>१.नाम :<br>ठेगाना………………… जिल्ला…………<br>……………नगरपालिका/गा.वि.स.वड<br>ा नं. ……………………ब्लक<br>नं.…………<br>सम्पर्क फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.व.नं. :<br>दा. बा | | | | द.<br>१. नाम :<br>ठेगाना……………………जिल्ला………<br>……………………नगरपालिका/गा.<br>वि.स.वडा नं. ……………………ब्लक<br>नं………… |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. **कम्पनीका संस्थापकको उद्घोषण** :यो नियमावली मैले तयार गरेको ठीक साँचो हो । मेरो नाम, ठेगाना, हस्ताक्षर, मैले लिन कवूल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । उल्लिखित व्यहोराको आधारमा कम्पनी दर्ता भएपछि यस दफा अनुसार मैले गरेको उद्घोषण गलत ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सृजना हुने दायित्व म व्यहोर्न तयार छु र यस वापत प्रचलित कानून बमोजिम हुने दण्ड सजाय समेत भोग्न मंजूर छु भनी मैले यो उद्घोषण गरेको छु ।

संस्थापकको नाम, थर :
हस्ताक्षर :
ल्याप्चे सही छाप :

द्रष्टव्य :

*(१) यस कम्पनीले उल्लिखित नियमावलीभन्दा छुट्टै नियमावली बनाउन चाहेमा त्यस्तो नियमावली कार्यालयमा पेश गर्नु पर्नेछ ।*

*(२) उपनियम (१) बमोजिम छुट्टै नियमावली बनाई पेश नगरेमा उल्लिखित नियमावली स्वीकार गरेको मानिने छ ।*

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



265

अनुसूची-३
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

श्री ५ को सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

प्रा.लि. / पब्लिक लि.

**प्रमाणपत्र**

श्री..........................................................................................प्राइभेट/पब्लिक लिमिटेड कम्पनी अध्यादेश, २०६२ बमोजिम सम्वत् २० ..........साल ..................गते रोज ..........मा दर्ता भएको हुनाले यो प्रमाणपत्र दिइएको छ ।

मितिः-

..................

........................

रजिष्ट्रार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -४

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

### प्रा.लि.बाट प.लि.मा परिणत गर्न पेश गर्नु पर्ने निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रारज्यू ,
कम्पनी रजिष्ट्रारको कार्यालय ।

विषय : प्रा.लि.बाट पव्लिक लिमिटेडमा परिणत गरी पाऊँ ।

महोदय,

मिति .................मा सम्पन्न विशेष/वार्षिक साधारण सभाबाट पारित प्रस्ताव बमोजिम यस................................................. प्रा.लि. लाई पव्लिक लिमिटेड कम्पनीमा परिणत गर्ने निर्णय/इच्छा भएको हुँदा कम्पनी अध्यादेश, २०६२ बमोजिम प.लि.मा परिणत गरी पाउन तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेका छु/छौं ।

संलग्न कागजात :-

(क) साधारण सभाको निर्णयको प्रतिलिपि

(ख) कम्पनीमा २५ प्रतिशत शेयर पव्लिक कम्पनीले खरीद गरेको कागजात

(ग) कम्पनीले कुनै पव्लिक कम्पनीको कम्तीमा २५ प्रतिशत शेयर खरीद गरेको कागजात

(घ) प्रस्तावित तीन महले प्रवन्धपत्र/नियमावलीको १/१ प्रति ।

निवेदक/निवेदकहरु:-

१. नाम,थर :-
स्थायी ठेगाना :-
हालको ठेगाना :-
टेलिफोन/फ्याक्स नं. :-
पोष्टवक्स नम्वर :-
२.
३.
४.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग



257

अनुसूची-५

(दफा १३ को उपदफा (५) र दफा १४ को उपदफा (४) को प्रयोजनको लागि)

श्री ५ को सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

प्रा.लि. / पब्लिक लि.

**प्रमाणपत्र**

श्री.........................................................................प्राइभेट/पब्लिक लिमिटेड कम्पनी अध्यादेश, २०६२ बमोजिम सम्वत् २० ..........साल .................गते रोज ..........मा प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेड/पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेडमा परिणत भएको हुनाले यो प्रमाणपत्र दिइएको छ।

मितिः-..................                                                                 ....................

रजिष्ट्रार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-६

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

## प.लि.बाट प्रा.लि.मा परिणत गर्न पेश गर्नु पर्ने निवेदनको ढांचा

श्रीमान् रजिष्ट्रारज्यू ,
कम्पनी रजिष्ट्रारको कार्यालय ।

विषय : प.लि.बाट प्रा. लि. मा परिणत गरी पाऊँ ।

महोदय,

मिति ................मा सम्पन्न विशेष/वार्षिक साधारण सभाबाट पारित प्रस्ताव बमोजिम यस................................................ प.लि. लाई प्रा. लि. कम्पनीमा परिणत गर्ने निर्णय भएको हुँदा कम्पनी अध्यादेश, २०६२ बमोजिम प.लि.मा परिणत गरी पाउन तपसिल बमोजिमका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेका छु/छौं ।

संलग्न कागजात :-

(क) साधारण सभाको निर्णयको प्रतिलिपि
(ख) पूँजी खुलेको लेखापरीक्षण प्रतिवेदन
(ग) प्रस्तावित तीन महले प्रवन्धपत्र/नियमावलीको १/१ प्रति ।

निवेदक/निवेदकहरु:-

१. नाम,थर :-
स्थायी ठेगाना :-
हालको ठेगाना :-
टेलिफोन/फ्याक्स नं. :-
पोष्टवक्स नम्बर :-
२.
३.
४.

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची- ७

(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)

कम्पनी अध्यादेश,२०६२ अन्तर्गत संस्थापित

एकल शेयरधनी भएको .................. (कम्पनीको पूरा नाम लेख्ने) प्राइभेट लिमिटेडको

## प्रवन्धपत्र

१. **कम्पनीको नामः** यस कम्पनीको नाम................................हुनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : (१) यस कम्पनीको रजिष्टर्ड कार्यालय ........ जिल्ला ............ नगरपालिका/गा.वि.स. वडा नं. ..................मा रहने छ ।

(२) यस कम्पनीको कारोवार गर्ने स्थान ............... जिल्ला...................नगरपालिका/गा.वि.स. वडा नं................मा रहनेछ ।

(उद्योगको हकमा उद्योग रहने स्थान/उत्पादन र अन्य व्यापार/व्यवसायको हकमा सो सञ्चालन गर्ने स्थान उल्लेख गर्ने )

३. **कम्पनीको उद्देश्यः** (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) उद्योग सम्बन्धी व्यवसायः-

(१)

(२)

(३) (अन्य आवश्यकतानुसार थप गर्दै जाने)

(ख) व्यापार सम्बन्धी व्यवसाय :

(१)

(२)

(३) (अन्य आवश्यकतानुसार थप गर्दै जाने)

(ग) सेवा सम्बन्धी व्यवसाय :

(१)

(२)

(३) (अन्य आवश्यकतानुसार थप गर्दै जाने)

(घ) अन्य व्यवसाय :

(१)

(२)

(३) (अन्य आवश्यकतानुसार थप गर्दै जाने)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्तं गरी मात्र कार्यान्वयन गरिने छ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिने छ ।

४. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु** : यस कम्पनीले दफा ३ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने ।

(ग) कम्पनीमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले कुनै धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरीद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

(च) अन्य आवश्यक कुराहरु कुनै भए सो उल्लेख गर्ने)

५. **कम्पनीको पूँजीको संरचना** : कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीको अधिकृत पूँजी...............................हुनेछ । सो पूँजीलाई रु. .... दरका ............थान साधारण शेयर र ..........थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी...............................................हुनेछ ।

(ग) कम्पनीको तत्काल चुक्ता पूँजी ........................................... हुनेछ ।

(कम्पनीको चुक्ता पूँजी अधिकृत पूँजीको कम्तीमा पच्चीस प्रतिशत हुनु पर्नेछ)

६. **प्रवन्धपत्र बाझिएको हदसम्म निष्क्रय हुने** : यस प्रवन्धपत्रका दफाहरु कम्पनी अध्यादेश, २०६२ र प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म त्यस्ता दफाहरु निष्क्रय हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. **प्रवन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था :** यस प्रवन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी अध्यादेशको दफा ८३ बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव कार्यालयबाट अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिनेछ ।

८. **संस्थापकले तत्काल लिन कवुल गरेको शेयर संख्या :** म ………………………प्रा.लि. का संस्थापकले देहाय बमोजिमको संख्यामा शेयर लिन कवुल गरी देहायका साक्षीको रोहवरमा यस प्रवन्धपत्रमा सहीछाप गरेको छु :-

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबुको नाम | बाजेको नाम | लिन कवुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहीछाप |
|---|---|---|---|---|
| द.<br>१. नाम :<br>ठेगाना………………<br>जिल्ला…………<br>………………नगरपालिका/गा.वि.स.वडा नं. ………… व्लक नं……………<br>सम्पर्क फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.व.नं. :<br>दा. वा | | | | द.<br>१. नाम :<br>ठेगाना…………………………जिल्ला…<br>…………………नगरपालिका/<br>गा.वि.स.वडा नं. …….. व्लक नं……… |

९. **कम्पनीका संस्थापकको उद्घोषण :** यस प्रवन्धपत्रमा लेखिएको मेरो नाम, ठेगाना, हस्ताक्षर, मैले लिन कवूल गरेको शेयर संख्या र साक्षी सम्बन्धी व्यहोरा लगायत अन्य सम्पूर्ण व्यहोराहरु ठीक साँचो छ । उल्लिखित व्यहोराको आधारमा कम्पनी दर्ता भएपछि सृजना हुने सम्पूर्ण दायित्व व्यहोर्न मेरो मन्जूरी छ । यस दफा अनुसार मैले गरेको उद्घोषण गलत ठहरिन गएमा प्रचलित कानून बमोजिम हुने दण्ड सजाय समेत भोग्न मेरो मन्जूरी छ भनी मैले यो उद्घोषण गरेको छु :

संस्थापकको नाम, थर

हस्ताक्षर :

ल्याप्चे सही छाप :

द्रष्टव्य :

*क) कम्पनीको नाम र प्रस्तावित उद्देश्यहरु एक आपसमा मिल्दोजुल्दो हुनु पर्नेछ ।*

*ख) दुई वा दुई भन्दा बढी उद्देश्यहरु भएमा त्यस्ता उद्देश्यहरुको कारोवार र व्यवसायको प्रकृति मिल्दोजुल्दो हुनु पर्नेछ ।*

*ग) कम्पनीको उद्देश्य उद्योग, व्यापार, व्यवसाय वा सेवामूलक व्यवसाय मध्ये कुन वर्गमा पर्छ सो वर्गमा मात्र सीमित रही कारोवार गर्ने गरी उद्देश्य राख्नु पर्नेछ ।*

*घ) छुट्टै नियमावली पेश नगर्ने भए सो कुरा प्रवन्धपत्रमा उल्लेख गर्नु पर्नेछ ।*

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

## अनुसूची- ८
(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)

कम्पनी अध्यादेश, २०६२ अन्तर्गत संस्थापित
एकल बाहेक अन्य ..........(कम्पनीको नाम पूरा लेख्ने) प्राइभेट लिमिटेडको
**प्रवन्धपत्र**

१. **कम्पनीको नामः** यस कम्पनीको नाम......................................................... हुनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : (१) यस कम्पनीको रजिष्टर्ड कार्यालय ......... जिल्ला......... नगरपालिका/गा.वि.स. वडा नं. ............... ...मा रहने छ ।

(२) यस कम्पनीको कारोवार गर्ने स्थान ................ जिल्ला....................नगरपालिका/गा.वि.स. वडा नं................मा रहनेछ ।

(उद्योगको हकमा उद्योग रहने स्थान/उत्पादन र अन्य व्यापार/व्यवसायको हकमा सो सञ्चालन गर्ने स्थान उल्लेख गर्ने )

३. **कम्पनीको उद्देश्यः** (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) उद्योग सम्बन्धी व्यवसायः
(१)
(२)
(३) (अन्य आवश्यकतानुसार थप गर्दै जाने)

(ख) व्यापार सम्बन्धी व्यवसाय :
(१)
(२)
(३) (अन्य आवश्यकतानुसार थप गर्दै जाने)

(ग) सेवा सम्बन्धी व्यवसाय :
(१)
(२)
(३) (अन्य आवश्यकतानुसार थप गर्दै जाने)

(घ) अन्य व्यवसाय :
(१)
(२)
(३) (अन्य आवश्यकतानुसार थप गर्दै जाने)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गरिने छ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

४. <u>कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु</u> : यस कम्पनीले दफा ३ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने ।

(ग) कम्पनीमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले कुनै धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरीद गर्न तथा त्यसलाई बिक्री गर्ने ।

(च) (अन्य आवश्यक कुराहरु कुनै भए सो उल्लेख गर्ने)

५. <u>कम्पनीको पूँजीको संरचना</u> : कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीको अधिकृत पुँजी.............................हुनेछ । सो पूँजीलाई रु. ........ दरका ...........थान साधारण शेयर र ..........थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पुँजी..................................................हुनेछ ।

(ग) कम्पनीको तत्काल चुक्ता पूँजी ........................................ हुनेछ ।

(कम्पनीको चुक्ता पूँजी अधिकृत पूँजीको कम्तीमा पच्चीस प्रतिशत हुनु पर्नेछ)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८८

६. **कम्पनीको शेयरको किसिम** : कम्पनीको शेयरको किसिम देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीका शेयरहरु अग्राधिकार र साधारण मध्ये दुवै वा साधारण शेयर मात्र रहने हो सो को विवरण उल्लेख गर्ने ।

(ख) अग्राधिकार शेयर भए निम्न व्यहोरा खुलाउने :-

१) अग्राधिकार शेयर संख्या .... र शेयरको मूल्य .... ।

२) अग्राधिकार शेयरधनीको हक अधिकार सम्बन्धी व्यवस्था ।

३) अग्राधिकार शेयर साधारण शेयरमा परिणत हुने वा नहुने सो कुरा ।

(ग) अन्य कुनै प्रकारको शेयर जारी हुने भए सो कुराको विवरण खुलाउने ।

७. **शेयर खरीद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा :**

(क)

(ख)

(ग)

*(आवश्यकतानुसार क्रमिक रुपमा उल्लेख गर्ने)*

८ **शेयरको रकम भुक्तानीका शर्तहरु** : शेयरको रकम भुक्तानी सम्बन्धी शर्त देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(ख) कम्पनीले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(ग) शेयर माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउन थप म्याद माग गर्ने र कम्पनीले म्याद दिने जस्तो कुराहरु नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

९. **शेयरधनीको अधिकतम संख्या** : शेयरधनीहरुको अधिकतम संख्या उल्लेख गर्ने ।

१०. **दायित्व सीमित हुने** : यस कम्पनीका शेयरधनीको दायित्व निजले लिएको वा लिन कवुल गरेको शेयरको अंकित मूल्यसम्म सीमित रहनेछ ।

तर शेयरधनीले सो हैसियतमा तेश्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको कम्पनीको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. **अन्य आवश्यक कुराहरु :** (१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्ने नपर्ने कुराको विवरण ।

(२) संस्थापक वा अन्य कुनै व्यक्तिले नगद बाहेक कुनै किसिमबाट शेयर खरीद गर्ने वा शेयरमा हक पाउने वा नपाउने कुराको विवरण ।

(३) कम्पनीले कारोवार शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै किसिमसँग कुनै सम्पत्ति प्राप्त गर्ने भए सो कुराको विवरण ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने भए सो कुराको विवरण ।

(५) प्रचलित नेपाल कानून अनुसार खुलाउनु पर्ने अन्य कुराहरु ।

१२. **प्रवन्धपत्र बाझिएको हदसम्म निष्कृय हुने :** यस प्रवन्धपत्रका दफाहरु कम्पनी अध्यादेश, २०६२ र प्रचलित कानूनसँग बाझिएमा त्यस्ता दफाहरु बाझिएको हदसम्म निष्कृय हुनेछन् ।

१३. **प्रवन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था :** यस प्रवन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी अध्यादेशको दफा ८३ बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव कार्यालयबाट अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिनेछ ।

१४. **संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या :** हामी.......... प्रा.लि. का संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कवुल गरी देहायका साक्षीको रोहवरमा यस प्रवन्धपत्रमा सहीछाप गरेका छौं -:

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबुको नाम | बाजेको नाम | लिन कवुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप |
|---|---|---|---|---|
| द.<br>१. नाम :<br>ठेगाना...................<br>जिल्ला..............<br>..................नगरपालिका/गा.वि.स.वडा नं.<br>.......................व्लक नं.............<br>सम्पर्क फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.व.नं. :<br>दा. बा | | | | द.<br>१. नाम :<br>ठेगाना.......................जिल्ला..<br>..........<br>......................नगरपालिका/<br>गा.वि.स.वडा नं. ........ व्लक<br>नं.......... |